## नेपाल लोक सेवा आयोगको
## सूचना नं ५०८/०२९-३०

निजामती सेवा नियमावली २०२१ (संशोधन सहित) को परिच्छेद ३ नियम ५ को उप नियम (९) बमोजिम राजपत्र अनंकित पदहरूमा सो नियमावलीको देहायको नियमबमोजिम रहेका बढुवा समितिको सिफारिश उपर पर्न आउने उजुरीहरूको छानबीन गरी किनारा लगाउन यस आयोगलाई भएको अधिकार देहायका अधिकृतहरूको कार्यालयले २०३२ साल आश्विन मसान्तसम्म प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ।

१. नियम ३.४ को उप–नियम (१) खण्ड (क) बमोजिमको बढुवा समितिको सिफारिश उपर, कानून तथा न्याय मन्त्रालयको लागि महान्यायाधिवक्ता र अरू कार्यालयहरूका लागि आय र कर अदालतका मुख्य न्यायाधीश।

२. ऐ.ऐ. को खण्ड (ख) बमोजिमको बढुवा समितिको सिफारिश उपर, आय र कर अदालतको मुख्य न्यायाधीश ।

३. ऐ.ऐ. को खण्ड (ग) बमोजिमको बढुवा समितिको सिफारिश उपर, बागमती अञ्चल अदालतको लागि मुख्य सचिव र अरू अञ्चल अदालतहरूका लागि सचिव, कानून तथा न्याय मन्त्रालय।

४. ऐ.ऐ. को खण्ड (घ) बमोजिमको बढुवा समितिको सिफारिश उपर, बागमती अञ्चल-को जिल्ला अदालतहरूको लागि मुख्य सचिव र अरू जिल्ला अदालतहरूको लागि सचिव, कानून तथा न्याय मन्त्रालय।

५. ऐ.ऐ. को खण्ड (ङ) बमोजिमको बढुवा समितिको सिफारिश उपर, बागमती अञ्चलको सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता कार्यालयहरूको लागि मुख्य सचिव र अरू सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता कार्यालयहरूको लागि सचिव, कानून तथा न्याय मन्त्रालय।

६. ऐ.ऐ. को खण्ड (च) बमोजिमको बढुवा समितिको सिफारिश उपर, बागमती अञ्चलको सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता कार्यालयहरूको लागि मुख्य सचिव र अरू सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता कार्यालयहरूको लागि सचिव, कानून तथा न्याय मन्त्रालय ।

७. ऐ.ऐ. को खण्ड (छ) बमोजिमको बढुवा समितिको सिफारिश उपर, अञ्चलाधीशको कार्यालयको लागि मुख्य सचिव र अन्य अञ्चल र जिल्ला स्तरीय कार्यालयहरूको लागि सचिव, सम्बन्धित मन्त्रालय ।

८. ऐ.ऐ. को खण्ड (ज) बमोजिमको बढुवा समितिको सिफारिश उपर, अञ्चलाधीशको कार्यालयहरूको लागि सचिव, गृह पञ्चायत मन्त्रालय र अरू अञ्चल र जिल्ला स्तरीय कार्यालयहरूको लागि सचिव, सम्बन्धित मन्त्रालय ।

आज्ञाले-
परिक्षित नरसिंह राणा
लोक सेवा आयोगको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

282